बैठक नं: ०३

**रामग्राम नगरपालिकाको मिति २०७९।०२।२८ गतेको नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु :**

प्रस्ताव नं. १ : झरही खोला सरसफाई सम्बन्धमा ।
प्रस्ताव नं. २ : नमूना विद्यालयको प्रयोगशाला तथा पुस्तकालय निर्माण सम्बन्धमा ।
प्रस्ताव नं. ३ :"घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७५" संशोधन सम्बन्धमा ।
प्रस्ताव नं. ४ : रिटर्निज युवाहरुसँग मेयर कार्यविधि , २०७९ सम्बन्धमा ।
प्रस्ताव नं. ५ : कार्यपालिकाका विषयगत समितिहरु गठन सम्बन्धमा ।
प्रस्ताव नं. ६: अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं. ७ : आ.व. ०७९।८० को बजेट सिमा निर्धारण सम्बन्धमा ।

**निर्णयहरु :**

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा यस रामग्राम नगरपालिका वडा नं. १,२,४,७,८ र १२ अर्न्तगत पर्ने झरही खोलाको बहाब क्षेत्रमा शिल्ट जम्मा भई नदीको बहाब छेक्ने हुँदा उक्त शिल्ट बहाब क्षेत्र बाट हटाउने कार्यको लागि यस कार्यालयको मिति २०७९।०२।१३ च.नं. ५७३७ को पत्र मार्फत जिल्ला प्रशासन कार्यालय, परासी, नवलपरासी ( ब.सु.प ) मा अनुरोध गरिएकोमा मिति २०७९।०२।२५ गतेका दिन प्रमुख जिल्ला अधिकारी ज्यूको अध्यक्षतामा तथा जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट उक्त काम गर्न सोही दिनको बैठकको निर्णय नं १२ मा सम्बन्धित स्थानीय तहले उक्त क्षेत्रभित्र पर्ने खोलाको शिल्ट हटाउने तर्फ आवश्यक व्यवस्था गर्ने साथै शिल्टलाई नदी किनारामा राखी **DAM** बनाउने र खरिद , बिक्री तथा अन्यत्र उपयोग गर्न नपाउने व्यवस्था मिलाउने भनी निर्णय भएको हुँदा उक्त कार्य जेष्ठको अन्तिममा रहेको तथा वर्षायाम समेत शुरु भएकोले तत्काल गराउनु पर्ने देखिन्छ । उक्त कार्य गर्नका लागि नवौं नगरसभाबाट "झरही खोला सरसफाई कार्यक्रम" शिर्षकमा रु.पन्ध्र लाख रहेको तथा उक्त कार्य **Heavy Equipment ( Excavator )** प्रयोग गरी गर्नुपर्ने देखिएको र विशेष परिस्थितिमा गर्नुपर्ने भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४, को दफा १४५ (१), (२) र (३) बमोजिम कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा रामग्राम न.पा. वार्ड नं. ५ परासीमा सञ्चालित श्री आदर्श मा.वि. नमूना विद्यालयको रुपमा छनौट भई नमूना विद्यालय तर्फका भौतिक पूर्वाधारहरु निर्माणकै चरणमा रहेको र सो विद्यालयमा अब बन्न लागेको प्रयोगशाला तथा पुस्तकालयको ठाउँ समेत छनौट भई कार्य प्रकिया अघाडि बढ्न लागेकोमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार छनौट भएकै ठाउँमा प्रयोगशाला तथा पुस्तकालय निर्माण गर्दा प्रयोगशाला तथा पुस्तकालयको पछाडिको भागमा धेरै जमिन खाली रहन गई खाली रहेको जमिन प्रयोग विहिन अवस्था रहने हुँदा छनौट भएको साविककै ठाउँमा लागत र डिजाइन पुरानै रहने गरी भवन निर्माण गर्ने ठाउँको नक्सा उत्तर दक्षिणको सट्टा पूर्व पश्चिम बनाई परिवर्तन गर्न अनुरोध भई आएकोमा सोही अनुसार गर्न गराउन अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकाको नगरकार्यपालिकाबाट स्वीकृत "घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७५" मा तपसिल बमोजिमको व्यवस्था थप गरी आवश्यक संशोधन गर्ने निर्णय गरियो ।

तपसिल :

<table>
<tr><th>विगतमा रहेको व्यवस्था</th><th>संशोधन पश्चात हुनुपर्ने</th><th>कारण</th></tr>
<tr>
<td>१) कार्यविधिको दफा ३ मा ईजाजतपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्था रहेको ।<br>२) कार्यविधिको अनुसूची-२ मा दस्तुर सम्बन्धी व्यवस्था रहेको । जसमा
<table>
<tr><th>विषय</th><th>समय सिमा</th><th>दस्तुर</th></tr>
<tr><td>दर्ताको लागि</td><td></td><td>१००००।</td></tr>
<tr><td rowspan="3">नविकरण</td><td>असोज सम्ममा</td><td>३०००।</td></tr>
<tr><td>असोजबाट चैत्र सम्म</td><td>६०००।</td></tr>
<tr><td>वैशाखबाट</td><td>खारेज</td></tr>
</table>
</td>
<td>१.कार्यविधिको दफा ३ मा ईजाजतपत्रको अवधि,नवीकरण र नामसारी सम्बन्धी व्यवस्था हुनेछ र दफा ३ को उपदफा ४ थप गरी उपदफा ४ मा नामसारी प्रयोजनका लागि ईजाजतपत्र नामसारी गर्ने निर्माण व्यवसायीले आवश्यक कागजातहरु पेश गरेपश्चात प्रमुख प्रशासकीय अधिकृतबाट सो ईजाजतपत्र नामसारी हुनेछ ।<br>आवश्यक कागजातहरु:<br>अ) घरेलु तथा साना उद्योग कार्यालय र करदाता सेवा कार्यालयबाट नामसारी गरिएको प्रमाणपत्र ।<br>आ) अनुसूची-२ बमोजिमको नामसारीको राजश्व शुल्क बुझाएको रसिद र नवीकरण भएको ईजाजतपत्रको सक्कल प्रति ,<br>ई) नामसारी गर्नुपर्ने कारणसहितको निवेदन ।<br>२.कार्यविधिको अनुसूची २ को तालिकामा तपसिल बमोजिम हुने गरी संशोधन हुनेछ ।
<table>
<tr><th>विषय</th><th>समय सिमा</th><th>दस्तुर</th></tr>
<tr><td>दर्ताको लागि</td><td></td><td>रु. २५,०००।</td></tr>
<tr><td rowspan="4">नविकरण</td><td>श्रावण देखि असोज सम्ममा</td><td>रु. ३०००।</td></tr>
<tr><td>कार्तिक देखि चैत्र सम्म</td><td>रु. ६०००।</td></tr>
<tr><td>वैशाख देखि असार मसान्त सम्म</td><td>रु. ९०००।</td></tr>
<tr><td>असार मसान्त पछि</td><td>खारेज</td></tr>
<tr><td>इजाजत पत्र नामसारी शुल्क</td><td></td><td>रु. १०,००० ।</td></tr>
</table>
</td>
<td>क.आर्थिक ऐनमा इजाजत दस्तुर घ वर्गको निर्माण व्यवसायीको लागि रु. २५,००० व्यवस्था रहेकोले साही बमोजिम गर्न र कार्यविधि कार्यानवयनमा स्पष्टता ल्याउन ।<br>ख. कार्यविधिमा नामसारीको व्यवस्था नरहेकोले</td>
</tr>
</table>

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामग्राम नगरपालिकाको रिटर्निज युवाहरुसँग मेयर कार्यविधि , २०७९ माथि छलफल गरि स्वीकृत गरियो ।

निर्णय नं. ५: .क.) प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामग्राम नगर कार्यपालिकामा रहने देहायका विषयगत समितिहरुको रुपमा देहायका पदाधिकारीहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

तपसिल:

| क.स. | विषयगत समितिको नाम | संयोजकको नाम |
|---|---|---|
| १. | आर्थिक विकास समिति | श्री मदन यादव |
| २. | सामाजिक विकास समिति | श्री उज्ज्वल न्यौपाने |

| | | |
|---|---|---|
| ४. | वातावरण तथा विपद व्यवस्थापन समिति | श्री धनिराम यादव |
| ५. | संस्थागत विकास र सुशासन समिति | श्री कन्हैया प्रसाद कोइरी |

ख.) रामग्राम नगरपालिकाको ***स्थानीय राजश्व परामर्श समिति*** मा देहायका पदाधिकारीहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

तपसिलः

१. कार्यपालिका सदस्य श्री नानु कुमारी खड्का

२.कार्यपालिका सदस्य श्री सुरेश पासवान

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा अघिल्लो कार्यपालिकाको बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट सिफारिस भएको आ.व. ०७९/०८० को बजेट सिमा माथि छलफल गरि तपसिल बमोजिम बजेट सिमा निर्धारण गरियो ।

तपसिल :

| आ.व. ०७९/०८० को समष्टिगत आय विवरण | | | |
|---|---|---|---|
| क सं. | श्रोत | रकम | अक्षेरुपी |
| | आय तर्फ | | |
| १ | संघीय सरकार | | |
| | समानीकरण अनुदान | १८४६००००।०० | अठार करोड छयालीस लाख |
| | समपूरक अनुदान पूजीगत | १५००००००।०० | एक करोड पचास लाख |
| | शसर्त अनूदान चालू | २४४८००००।०० | चौबिस करोड अट्चालिस लाख |
| | शसर्त अनूदान पूजीगत | ११६५००००।०० | एघार करोड पैस्ठी लाख |
| | **जम्मा** | **५६०९००००।००** | **छपन्न करोड नौ लाख** |
| २ | प्रदेश सरकार | | |
| | समानीकरण अनुदान | १०४३६०००।०० | एक करोड चार लाख छत्तीस हजार |
| | समपुरक अनुदान | २००००००।०० | दुई करोड |
| | **जम्मा** | **३०४३६०००।००** | **तिन करोड चार लाख छत्तिस हजार** |
| ३ | आन्तरिक तर्फ | | |
| | आन्तरिक श्रोत | ८३८६१०००।०० | आठ करोड अटत्तिस लाख एकसठ्ठी हजार |
| | संघीय सरकार राजश्व बांडफांड | १२३१३४०००।०० | बाह्र करोड एकतिस लाख चौतिस हजार |
| | प्रदेश सरकार राजश्व बांडफांड सवारी साधन | १००००००००।०० | एक करोड |

| | | | |
|---|---|---|---|
| | प्रदेश सरकार राजश्व बांडफांड रजिष्ट्रेशन बापत | ५४००००००।०० | पाच करोड चालिस लाख |
| | जम्मा | २७०९९५०००।०० | सत्ताइस करोड नौ लाख पन्चानब्बे हजार |
| | कुल जम्मा | ८६२३३१०००।०० | छयासी करोड तेइस लाख एकतिस हजार |

| आ.व. ०७९/०८० को समष्टिगत व्यय विवरण | | | |
|---|---|---|---|
| क सं. | **श्रोत** | **रकम** | **अक्षेरुपी** |
| | **व्यय तर्फ** | | |
| १ | प्रशासनिक खर्च | १६००००००००।०० | **सोह्र करोड** |
| २ | प्रशासन तथा व्यवस्थापन महाशाखा | | ***संस्थागत विकास, सुशासन र सेवा प्रवाह*** |
| | प्रशासन, योजना तथा अनुगमन शाखा | ३००००००।०० | तीस लाख |
| | सूचना, प्रविधि तथा अभिलेख शाखा | ४००००००।०० | चालिस लाख |
| | कानून शाखा | २५०००००।०० | पच्चिस लाख |
| | **जम्मा** | **९५०००००।००** | **पन्चानब्बे लाख** |
| ३ | पूर्वाधार बिकास महाशाखा | | ***पूर्वाधार विकास क्षेत्र*** |
| | सडक,सिचाइ तथा अन्य पूर्वाधार विकास शाखा | १००००००।०० | दस लाख |
| | आवास, भवन तथा नक्शापास शाखा | १००००००।०० | दस लाख |
| | **जम्मा** | **२००००००।००** | **बिस लाख** |
| ४ | सामाजिक बिकास महाशाखा | | ***सामाजिक क्षेत्र*** |
| | स्वास्थ्य सेवा शाखा | ९५०००००।०० | पन्चानब्बे लाख |
| | महिला, बालबालिका तथा सामाजिक समावेशीकरण विकास उपशाखा | ३५०००००।०० | पैतिस लाख |
| | शिक्षा, संस्कृति, यूवा तथा खेलकूद विकास शाखा | २००००००००।०० | दुई करोड |
| | युवा, खेलकुद, संस्कृति, पर्यटन विकास तथा राष्ट्रिय । अन्तराष्ट्रिय समन्वय उपशाखा | ७००००००।०० | सत्तरी लाख |
| | **जम्मा** | **४००००००००।००** | **चार करोड** |
| ५ | आर्थिक विकास महाशाखा | | ***आर्थिक क्षेत्र*** |
| | आर्थिक बिकास शांखा | १५०००००।०० | प्रन्ध लाख |
| | पशुपक्षी विकास शाखा | ६००००००।०० | साठ्ठी लाख |
| | कृषि विकास शाखा | १००००००००।०० | एक करोड |
| | **जम्मा** | **१७५०००००।००** | **एक करोड पचहत्तर लाख** |
| ६ | आर्थिक प्रशासन तथा राजश्व महाशाखा | | |

| | | | |
|---|---|---|---|
| | राजश्व प्रशासन उपशाखा | २०००००००।०० | बिस लाख |
| ७ | स्थानीय बालमैत्री शासन कार्यक्रम | २०००००००।०० | बिस लाख |
| ८ | खानेपानी तथा सरसफाई व्यवस्थापन | २००००००००।०० | दुई करोड |
| ९ | सडक बोर्ड नेपालको लागत सहभागीता | ३५००००००।०० | पैतिस लाख |
| १० | वातावरण तथा विपद व्यवस्थापन | १००००००००।०० | एक करोड |
| ११ | मर्मत सम्भार कोष | ३०००००००।०० | तीस लाख |
| १२ | प्रकोप व्यवस्थापन कोष | ७५००००००।०० | पचहत्तर लाख |
| १३ | कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोष | २०००००००।०० | बिस लाख |
| १४ | वातावरण कोष | १००००००।०० | दस लाख |
| १५ | महिला बालबालिका कोष | ५०००००।०० | पांच लाख |
| १६ | गरिबी न्यूननिकरण कोष | ५०००००।०० | पांच लाख |
| १७ | औषधी उपचार कोष | ५०००००।०० | पांच लाख |
| १८ | शसर्त अनूदान चालू | २४४८०००००।०० | चौबिस करोड अट्चालिस लाख |
| १९ | शसर्त अनूदान पूजिगत | ११६५०००००।०० | एघार करोड पैस्ठी लाख |
| २० | वडा स्तरीय योजनाहरु | ८३५०००००।०० | आठ करोड पैतिस लाख |
| २१ | नगर स्तरीय योजनाहरु | ६६०३१०००।०० | छ करोड साठी लाख एकतिस हजार |
| २२ | संघीय समपूरक अनूदान पूजिगत | ३००००००००।०० | तिन करोड |
| २३ | प्रदेश समपूरक अनूदान | ४००००००००।०० | चार करोड |
| | **कुल जम्मा** | **८६२३३१०००।००** | **छयासी करोड तेइस लाख एकतिस हजार** |

| सुत्रमा आधारीत वडाको बजेट सिलिंग | |
|---|---|
| वडा नं | अन्तिम वजेट सिलिंग |
| १ | 3700000.00 |
| २ | 3100000.00 |
| ३ | 3000000.00 |
| ४ | 3500000.00 |
| ५ | 3300000.00 |
| ६ | 3200000.00 |
| ७ | 3700000.00 |
| ८ | 3450000.00 |
| ९ | 5200000.00 |
| १० | 6500000.00 |

| | |
|---|---|
| ११ | 4350000.00 |
| १२ | 3650000.00 |
| १३ | 3000000.00 |
| १४ | 6700000.00 |
| १५ | 6000000.00 |
| १६ | 7600000.00 |
| १७ | 6500000.00 |
| १८ | 7050000.00 |
| जम्मा | 83500000.00 |